STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २९ गते मंगलबार ❑ 14 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## राष्ट्रिय सहमति गरी एमसीसी अनुमोदन गर्नुपर्छ : डा भट्टराई

**पोखरापत्र संवाददाता**
**गोरखा, २८ भदौ**



पूर्वप्रधानमन्त्री तथा जनता समाजबादी पार्टी(जसपा)का राष्ट्रिय अध्यक्ष डा बाबुराम भट्टराईले राष्ट्रिय सहमति कायम गरी मिलेनियम च्यालेन्ज कर्परिसट (एमसीसी)अनुमोदन गर्दा नै राष्ट्रको हित हुने बताउनुभएको छ।

गोरखा सदरमुकाममा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा डा भट्टराईले एमसीसीजस्ता विषयमा राष्ट्रिय दलबीचमा समझदारी आवश्यक रहेको बताउनुभयो । 'एमसीसीको विषय अहिले पेचिलोरूपमा उठेको छ', उहाँले भन्नुभयो, 'यस्ता राष्ट्रिय मामिलाका विषयमा प्रमुख दलबीच समझदारी बनाएर नै अगाडि बढ्नुपर्छ ।' पूर्वप्रधानमन्त्री डा भट्टराईले दलगत राजनीति र दलभित्रका पनि गुटगत राजनीतिका निम्ति राष्ट्रियताका प्रश्नलाई गिजोल्याउने काम गर्न नहुने आफ्नो मान्यता रहेको बताउनुभयो। 'एससीसी पनि विशुद्धरूपमा एउटा परियोजना अनुदान सम्झौता हो । यस्ता सम्झौता थुप्रै देशसँग हुने गरेका छन्', उहाँले भन्नुभयो।

पूर्वप्रधानमन्त्री डा भट्टराईले विगतमा यस्ता सम्झौता गर्दा विवाद बढी देखिएकाले पनि राष्ट्रिय सहमति जुटाउन सहज हुन्छ भन्ने ढङ्गले नेपालकै तर्फबाट माग गरेर संसद्बाट अनुमोदनको बुँदा एमसीसी सम्झौतामा राखिएको पाइएको बताउनुभयो । उहाँले एमसीसीको विषयमा सरकारमा रहँदा एउटा र सरकार बाहिर हुँदा अर्को कुरा गर्ने नेपालका राजनीतिक दलको प्रवृतिका कारण यस्ता खालका सहमति र सम्झौतामा समस्या हुने गरेको बताउनुभयो । 'केही दल खास गरी हाम्रा पूराना कम्युनिष्ट साथीको जुन एउटा धङ्धङ्गी छ, त्यो धङधङ्गी छोड्न नसकेका कारण पार्टीको आन्तरिक सङ्घर्ष पनि प्रतिबन्धित हुन पुग्यो', डा भट्टराइले भन्नुभयो। पूर्वप्रधानमन्त्री डा भट्टराईले राजनीतिक दलले छिटोभन्दा छिटो सहमति गरेर सम्झौतालाई अनुमोदन गर्ने कुरा नै राष्ट्रिय हितमा हुने दावी गर्नुभयो । उहाँले जसपा एक्लैले निणर्य गर्न सक्ने अवस्था नरहेको भन्दै एमसीसी राष्ट्रिय सहमतिबाट नै टुङ्गो लागोस् भन्ने पार्टीको धारणा रहेको बताउनुभयो।

## वित्तीय संस्थाहरुलाई पोखराबाट नयाँ नोट वितरण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ भदौ**

दशैं पर्वलाई लक्षित गरी यस बर्ष भने बैंक तथा वित्तिय संघ संस्थाहरुले नयाँ नोट वितरण गर्ने भएका छन्।

यसपाली समयमै नयाँ नोट स्टक राखेको कारण दशैं पर्वको अवसरमा पोखरा क्षेत्रबाट पनि नयाँ नोट वितरण गरिने भएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक इश्वर भट्टराईले बताए।

उनले भने "यस बर्ष हामीले यस क्षेत्रका उपभोक्ताहरुलाई दर्प पर्व लक्षित हुने गरी नयाँ नोट वितरण गर्दछौं, हामीसंग पयाप्त मात्रमा स्टक रहेको छ, केन्द्रको निर्देशन अनुसार अबको केही दिनबाटै नयाँ नोट वितरण हुने छ।" गत बर्ष कोरोनाको कारण समयमै नयाँ नोट छाप्न नसकेर स्टक नभएको हुदा सुकिला नोट वितरण गरेको राष्ट्र बैंकले यस बर्ष भने नयाँ नोट वितरण गर्ने भएको हो। राष्ट्र बैंकबाट मात्र भन्दा सम्बन्धित बैंक तथा वित्तिय संघ संस्थाहरुलाई आम जनता सामु नयाँ नोट वितरण गराउने रणनितीमा आफुहरु रहेको बताएका भट्टराईले यस बर्ष नयाँ नोट वितरणमा कुनै समस्या नहुने दाबी गरे। ५, १०, २०, ५०, १ सय का नोटहरु आफुहरुसंग प्रयाप्त रहेको दाबी गरेका उनले विभिन्न बैंक तथा वित्तिय संस्थाहरुबाट नयाँ नोट वितरण गर्दा राष्ट्र बैंकलाई कम भार हुने र जनतालाई पनि सहज हुने जनाए। गत बर्ष नयाँ नोट सटही नगरे पनि एक/ दुई पटक बजारमा आएका नोटलाई पुनः संकलन गरिएको र चलन चल्तीमा प्रयोग गर्न मिल्ने प्रकारका सुकीला नोटलाई प्रयोग गरिएको थियो। बैंक तथा वित्तिय संघ संस्थाहरुलाई भने नयाँ नोट दिन आफुहरुले सुरु गरिएको निर्देशक भट्टराईले बताए।

## गण्डकीका जिल्लामा भू तथा जलाधार कार्यालय राख्न विकास समितिको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ भदौ**




गण्डकी प्रदेशका सवै जिल्लामा भू तथा जलाधार कार्यालय राख्न अर्थ तथा विकास समितिले निर्देशन दिएको छ । सोमबार समितिले वन वातावरण तथा भू संरक्षण मन्त्री दीपक थापा संग अन्तरक्रिया पछि उक्त निर्देशन दिएको हो।

समितिका सभापति दीपक कोइरालाले संघियताको मर्म विपरित ११ जिल्ला मध्य जम्मा दुई जिल्लामा मात्रै भू तथा जलाधार कार्यालय रहेकोले जनतालाई सास्ती भएको बताउनु भयो । उहाँले यस आर्थिक बर्ष भित्रमा वाँकी ९ जिल्लामापनि उक्त कार्यालय स्थापना गर्न वन वातावरण तथा भू संरक्षण मन्त्रालयलाई निर्देशन दिनुभएको हो। अहिले तनहुँ र पर्वतमा मात्रै कार्यालय रहेकोले संघियताको भावना विपरित हुन गएको बताउनु भयो। संघियता अघि मनाङबाहेक १० जिल्लामा भुसंरक्षण कार्यालय रहेकोमा संघियाता आएपछि झन दुई जिल्लमा खुम्चाउदा अन्य जिल्लाका जनताले सेवा लिन तनहुँ र पर्वत जानुपर्ने बाध्यताले सेवा झनझटिलो र खर्चिलोपनि भएको समितिको भनाई रहेको छ।

वन वातावरण तथा भू संरक्षण मन्त्री दीपक थापाले सवै जिल्लामा भू तथा जलाधार कार्यालय स्थापना गर्न आफुले सक्दो पहल गर्ने प्रतिवद्धत्ता जनाउनु भएको छ। जनताले घरदैलो बाट पाउनुपर्ने सुविधान झनै टाडाबाट लिनुपर्ने बाध्यतालाई छिट्टै अन्त्य गर्ने जनाउनु भयो । विकास समितिले महत्वपूर्ण विषयमा छलफल गरेर दिएको निर्देशन प्रदेश सरकारले कार्यान्वयन गर्ने बताउनु भयो। मन्त्रालयका निमित्त सचिव रामकाजी श्रेष्ठले कार्यालय पनि कम र बजेट पनि न्युन हुदा जनताको आंकक्षा अनुसार काम गर्न नसकिएको बताउनु भयो । तनहुँ र पर्वतका वरिष्ठ जलाधार ब्यवस्थापन अधिकृत कृष्ण प्रसाद घिमिरे र दिवाकरण पौडेलले आआफ्नो कार्यालयको कार्य क्षेत्रभित्रका जिल्लाहरुको अवस्था वारे प्रस्तुति राख्नु भएको थियो । छलफलमा सांसद जनकलाल श्रेष्ठ, डोबाटे विश्वकर्मा,भागवत प्रकाश मल्ल ,सरिता गुरुङले कार्यलयहरुविच समन्वय गरेर एकद्धारा प्रणालीबाट जनतालाई सेवा दिने बातावरण सृजना गर्नुपर्नेमा जोड दिनु भएको थियो। उहाँहरुले सवैको ध्यान बाटो निर्माणमा केन्द्रीत हुदा भूसंरक्षण तथा जलाधार ओझेलमा परेको र बर्षेनी ठुलो धनजनको क्षति हुने गरेको बताउनु भयो । जलाधार संरक्षणको लागि स्थानीय रुपमा उपलब्ध स्रोत साधनको पनि प्रयोग गर्नुपर्नेमा उहाँहरुको जोड थियो।

## 'क्रियाशिल सदस्यता विवाद समाधान नगरी अधिवेशन गराउनु दुःखद'

**रासस**
**काठमाडौं, २८ भदौ**

नेपाली कांग्रेस संस्थापन इतर समूहले क्रियाशिल सदस्यता विवाद समाधान नगरी वडा अधिवेशन गराउनु दुःखद भएको बताएको छ।

संस्थापन इतर समूहको सोमबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकपछि पत्रकार सम्मेलन गरी डडेलधुरालगायत अधिकांश जिल्लामा पार्टी प्रवेशको नाममा निर्धारित विधि, प्रक्रिया र मापदण्ड विपरीत क्रियाशिल सदस्यता विवाद समाधान नगरी प्रशासनको आडमा अधिवेशन गरिएको भन्दै आपत्ती जनाएको हो।

पत्रकार सम्मेलनमा पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टी सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाको गृह जिल्ला डडेलधुरामा राज्यशक्ति र प्रशासनिक शक्तिको दुरुपयोग गरी एकपक्षीयरूपमा गरिएको वडा अधिवेशनले लोकतान्त्रिक प्रणाली, पार्टीको मर्यादा र मूल्य परम्पराको खिल्ली उडाएको बताउनुभयो। "नेपाली कांग्रेसको इतिहासमा पहिलोपटक विधान र परम्परा तोडेर क्रियाशील सदस्यताको टुङ्गो नलगाई अधिवेशन-निर्वाचन प्रारम्भ गरिएको छ, पार्टी विधान र केन्द्रीय कार्यसमितिको निर्णयसमेतलाई लत्याएर बलपूर्वक प्रक्रिया अगाडि बढाइएकोमा हाम्रा गम्भीर असहमति छन्," उहाँले भन्नुभयो।

उहाँले देशव्यापीरूपबाट एकैपटक महाधिवेशन हुने परम्परा तोडेर अधिवेशन प्रारम्भ भएको एक हप्तासम्म २० जिल्लाको क्रियाशील सदस्य सूची अझै टुङ्गो नलाग्नु दुःखद भएको बताउनुभयो। क्रियाशील सदस्यता वितरणमा भएको गैरजिम्मेवारी, मनपरि र अराजकताले कांग्रेस लोकतान्त्रिक आदर्श र संस्कार अनुरुपको पार्टी नरहने खतराको लक्षण देखा पर्न थालेको उहाँको भनाइ छ।

वरिष्ठ नेता पौडेलले यथाशीघ्र विधि र प्रक्रियाअनुसार नेतृत्व चयनका लागि पुनःनिर्वाचन गर्नसमेत माथ गर्नुभएको छ।

## १,४८६ संक्रमित थपिए, १६ को मृत्यु

**रासस**
**काठमाडौं, २८ भदौ**

देशभर सोमबार एक हजार ४८६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा १६ हजार ५३९ मा परीक्षण गर्दा एक हजार ४८६ जनामा सङ्क्रमण पुष्टि भएको हो। हालसम्म सक्रिय सङ्क्रमित २६ हजार ६३० छन् । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १२ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २० छन् । आज एक हजार २६० जना सङ्क्रमणमुक्त भएका छन्। हालसम्म सात लाख ४० हजार ७१७ कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन्। नेपालमा निको हुने दर ९५.२ प्रतिशत छ।

सो अवधिमा १६ जनाको सङ्क्रमणबाट ज्यान गएको छ। हालसम्म १० हजार ९६५ जनाको सङ्क्रमणबाट ज्यान गएको छ । यस्तै ४७५ जना सघन उपचार कक्ष (आइसियु), १३४ जना भेन्टिलेटर, २४ हजार ९५८ जना होम आइसोलेशन, एक हजार ६७२ जना संस्थागत आइसोलेशन र २६२ जना क्वारेन्टिनमा छन् । आज ९१ हजार ९३० जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ५८ लाख ३३ हजारर ९३८ जनाले पहिलो मात्रा र ५१ लाख ९८ हजार १९३ जनाले पूर्णमात्राको खोप लगाइसकेका छन्।

## सहाराको रंक्तदान कार्यक्रमबाट ५५ यूनिट रंक्त संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ भदौ**



पोखराको सहारा क्लवले सोमबार पोखरामा आयोजना गरेको खुल्ला रंक्तदान कार्यक्रमबाट ५५ यूनिट रंक्त संकलन भएको छ। क्लब २३ औं वार्षिकोत्सवको अवसरमा आयोजित उक्त कार्यक्रममा ३ जना महिला सहित ५५ जनाले रक्तदान गरेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए।

जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानियाले उक्त कार्यक्रमको उद्घाटन गर्दै क्लवले कोभिडको विसम परि स्थितीमा पनि रंक्तदान कार्यक्रमलाई निरन्तरता दिएकोमा खुसि व्यक्त गर्दै पोखरा क्षेत्रमा खेलकुद र सामाजिक क्षेत्रमा क्लवको पुराएको योगदानको प्रशंसा गरे । क्लवका सचिव सचिन राना मगरलाई अध्यक्ष बानियाले ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरेका थिए। क्लवका अध्यक्ष केशब बहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा क्लवका मानार्थ सदस्य महेश गुरुङ, सल्लाहकार एवं पृथ्वी राजमार्ग बस संचालक कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसी, क्लवका संस्थापक अध्यक्ष वसन्त थकाली, कार्यक्रम संयोजक गंगाराज पौडेल लगायतले वोलेका थिए। यसैबिच, यस बर्षको सहारा उत्कृष्ट सदस्यबाट राम प्रसाद हिराचन सम्मानित हुने भएका छन्। पोखराको सहारा क्लवको २३ औं बार्षिकोत्सवको अवसरमा यही भदौं ३० गते हिराचनलाई सम्मान गरिने भएको क्लवले जनाएको छ।

हिराचनले सहारा क्लव सहित सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान पुराएको भन्दै क्लवले सम्मान पत्रको साथमा दोसला ओढायर सम्मान गर्ने भएको हो । मुस्ताङ मार्फाका हिराचन विगतका बर्ष देखि पोखरा ९ मा बस्दै आएकाछन भने २०५७ साल देखि सहारा क्लवमा आबद्ध भएको हुन।

विनु राना मगरको संयोजकत्वमा गठित उपसमितिले उनलाई सम्मान गर्ने गरेको सिफारिसको आधारमा क्लवले अनुमोदन समेत गरेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए । अन्य सदस्यमा भने तिलक बहादुर क्षेत्री र ज्योती केसी रहेका छन्। यही भदौं ३० गते यस बर्षको खेलकुद पत्रकारिता पुरस्कार २०७७ बाट दीपक परियार लाई पुरस्कृत गरिने भएको क्लवका अध्यक्ष केशवबहादुर थापाले बताए।

सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# अन्नपूर्ण आधारशिविर असोज पहिलो साताबाट खुल्ने

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौ

कोरोनाले बन्द अन्नपूर्ण आधारशिविर पदयात्रा आगामी असोज पहिलो साताबाट खुल्ने भएको छ।

कोरोनाबीच देशका धार्मिक, सांस्कृतिक र पर्यटकीय गन्तव्य खुल्न थालेसँगै सो आधारशिविर पदमार्ग खुल्ने भएको हो। विश्वकै उत्कृष्ट १० मध्येको उक्त पदमार्गमा पर्ने सो आधारशिविर क्षेत्रमा स्वास्थ्यमापदण्ड बनाएर पदयात्रा खोल्न लागिएको छोम्रोङ पर्यटन व्यवस्थापन समितिका सचिव दीलीप गुरुङले बताउनुभयो। "पदयात्रामा जानेलाई लक्षित गरी असोज पहिलो साताबाट यो क्षेत्र खुलाउन लागेका हौं", उहाँले भन्नुभयो,"पदयात्राका क्रममा पर्यटकलाई कोभिडको आशङ्का लागेमा छोम्रोङमा एन्टिजेन परीक्षणको प्रवन्ध गर्नेबारे छलफल भइरहेको छ।" नजिकैबाट हिमाल नियाल्दै पदयात्रा गर्न पाउनु यो पदमार्गको विशिष्टता हो। यहाँ आउनेलाई पर्याप्त सुविधा उपलब्ध गराउन पर्यटन पूर्वाधार विस्तार गर्न व्यवसायी सक्रिय भएको अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवका संयोजक ललित गुरुङले जानकारी दिनुभयो। सो क्षेत्रका २६ होटेलले पर्यटकलाई सेवा दिइरहेका छन्। अन्य १० होटेल थप्ने भनिएपनि कोरोनाले त्यो सम्भव भएन। चार दशकअघि उक्त आधारशिविर जाने पर्यटक त्यहाँका भैँडीगोठ र चित्रा/भकारीले बारेका झुपडीमा बस्नुपर्ने बाध्यता थियो।

विसं २०४३ मा स्थापित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को पहलमा २०४९ सालपछि उक्त क्षेत्रमा होटल सञ्चालनमा आएका हुन्। एक्यापले निर्धारण गरेको मापदण्डअनुसार पदयात्रा मार्गका सिनुवा, बाम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे र अन्नपूर्ण आधार शिविरसम्म होटेल चलेका थिए। मापदण्डअनुसार प्रत्येक होटलमा ६ सहित १५६ कोठामा पर्यटक बस्न सकिने व्यवस्था छ।

कोरोना सुरु हुनुभन्दा अघिका वर्षमा ८० हजार आन्तरिक तथा बाह्य पर्यटकले भ्रमण गर्ने उक्त क्षेत्रमा बढ्दो पर्यटकीय आकर्षणलाई दृष्टिगत गरी यसको उचित व्यवस्थापन, प्रवर्द्धनलगायतमा सहयोग पुर्‍याउने उद्देश्यले २०७४ सालदेखि अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सव थालिएको छ। गएको दुई वर्ष सो महोत्सव स्थगित भयो।

सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको हो। आठ हजार ९१ मिटर उचाइको सो हिमाल आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेञ्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए। अन्नपूर्ण आरोहणको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटरको उचाइमा अवस्थित अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेपछि सो क्षेत्र उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा चिनियो। घान्द्रुकबाट अन्नपूर्ण आधार शिविरसम्म पुग्न बाह्यले सामान्यतः चार र आन्तरिक पर्यटकले तीन दिन लगाउँछन्।

विगतमा पदयात्रामा आउने बाह्य पर्यटकले स्थानीय परिकार खानुपर्ने बाध्यता थियो। पछिल्ला वर्षमा यहाँका होटेलले विदेशी परिकार पनि पस्कन थालेका छन्।

एक्यापले स्थानीयवासीलाई बेलाबेलामा तालिम दिँदै आएको छ। होटेलले विदेशी परिकार बनाउन सक्ने कुक राख्न थालेका छन्। होटेलको क्षमता विस्तारसँगै पदमार्ग क्षेत्रका देउरालीको पूर्वतर्फको पहाडमा रहेका बुद्धाकृति, दोभान र हिमालको बीचमा अवस्थित प्राचीन पुजनीयम् बराह तथा सो मन्दिर परिसरबाट देखिने १०८ धारा, झिनुडाँडास्थित तातोपानीको कुण्डजस्तास्थललाई थप व्यवस्थित गर्न चासो बढ्दै गएको छ।

कोरोनाले थलिएको पर्यटनलाई विस्तारै पूर्ववत् अवस्थामा फर्काउनुपर्ने वर्तमान अवस्थामा स्वास्थ्य मापदण्डसहित पर्यटकीय गन्तव्य खोल्नुपर्ने पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष सोम थापाले बताउनुभयो। "विश्व बजारमा मापदण्डसहित पर्यटकीयस्थल खुल्न थालेका छन्, हामीले पनि अब पर्यटकीयस्थल बन्द गरेर बस्न हुँदैन", थापाले भन्नुभयो, "पर्यटक र व्यवसायीलाई सुरक्षित बनाउन चाँडो कोरोना विरुद्धको खोप व्यवस्था गरी थलिएको पर्यटनलाई उठाउनुपर्छ।"



निर्माणाधीन विन्ध्याबासिनी प्राकृतिक चिकित्सालय : निर्माणाधीन पोखराको विन्ध्याबासिनी प्राकृतिक चिकित्सालय। पोखरा महानगरपालिका-१ गुठीबारी मार्गमा विन्ध्याबासिनी धार्मिक क्षेत्र विकास समितिबाट प्राकृतिक चिकित्सालयको निर्माण गर्न लागिएको हो। तस्वीर : राधिका कँडेल

# गण्डकीमा १५७ कोरोना संक्रमण मुक्त

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौ

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा १५७ जना कोरोना सङ्क्रमण मुक्त भएका छन्।

यस अवधिमा १७१ जना सङ्क्रमित थपिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालिन स्वास्थ्य कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार थपिनेमा कास्कीमा १००, नवरपरासी वर्दघाटसुस्ता पूर्वका २७, स्याङ्जाका २४, तनहुँका नौ, गोरखाका छ, वाग्लुङका दुई जना छन्।

प्रदेशमा होम आइसोलेशनमा रहनेको सङ्ख्या एक हजार ६६० जना रहेको छ। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कअनुसार हालसम्म तीन लाख २२ हजार ३९३ जनाको कोरोना परीक्षण गरिएकामा ८३ हजार ६७२ जनामा सङ्क्रमण पुष्टि भएको थियो। जसमध्ये ८० हजार ५९८ जना सङ्क्रमण मुक्त भएका छन्। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ७४२ छ भने हालसम्म एक हजार ३३२ जनाको मृत्यु भएको छ।

# एमालेसहितको सर्वदलीय बैठक बोलाउन सुझाव

रासस
काठमाडौं, २८ भदौ

सङ्घीय संसद्मा देखिएको गत्यावरोध हटाउनका लागि सभामुख अग्निप्रसाद सापकोटाले आह्वान गर्नुभएको सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी दल अनुपस्थित भएपछि सार्थक निष्कर्ष निस्कन सकेन।

यही भदौ २३ गतेदेखि नेकपा (एमाले)ले सदनको कारवाहीमा अवरोध गर्दै आएको छ। अवरोध फुकाउने उद्देश्यले आयोजित सर्वदलीय बैठकमा सोही दलको उपस्थिती नभएपछि सार्थक निष्कर्ष निस्कन नसकेको हो। बैठकमा सहभागी भएका नेताले पुनःएक पटक प्रमुख प्रतिपक्षीसँग पनि छलफल गरेर सर्वदलीय बैठक बोलाउन सभामुखलाई आग्रह गरेका थिए। लामो समयसम्म सदनमा अवरोध उत्पन्न हुन राम्रो नभएको भन्दै उनीहरूले विधि, प्रक्रियामा गएर न्यायसङ्गत निकास निकाल्नुपर्नेमा जोड दिए। बैठकमा सभामुख सापकोटा र कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सदनको अवरोध खुलाउन यसअघि भएका प्रयासबारे जानकारी गराउनुभएको थियो। आफूले कारवाही गरेको १४ जना सांसदलाई कारवाही गरेको सूचना प्रकाशित नगरेको भन्दै सभामुखमाथि आक्षेप लगाउँदै एमालेले लगातार सदन अवरोध गर्दा महत्वपूर्ण विधेयक अगाडि बढ्न सकेको छैन। प्राकृतिक विपत्ति एवम् जनताका दैनिक जीवनसँग जोडिएका विषयमा आवाज उठ्न सकेको छैन। संसद्को वर्षे अधिवेशन आह्वान गर्ने समय नजिकिदै गर्दा गत असार ११ गते प्रतिनिसभा विघटन गरिएका कारण देश, जनतासँग जोडिएका विषयमा सदनमा आवाज उठन सकेको छैन। अघिल्लो सरकारले ल्याएका केही अध्यादेशसमेत पेश हुन सकेको छैन। चालु आर्थिक वर्षको बजेटका सम्बन्धमा जोडिएका विषयसमेत अगाडि बढाउनुपर्ने दायित्व छ। यही भदौ ३० गतेसम्म बजेट पारित गर्नुपर्ने वाध्यता छ। सत्तारुढ दलका अनुसार 'पूरा नहुने माग' राखेर प्रमुख प्रतिपक्षीले सदनको कारवाही अवरोध गर्नु आफैँमा मिल्दो विषय होइन।

प्रतिनिधिसभाको बैठकमा सभामुखले पटकपटक सर्वोच्च अदालतमा विचाराधिन विषयमा सदनमा छलफल हुन नसक्ने भन्दै अवरोध नगर्न ध्यानाकर्षण गराउँदै आउनुभएको छ। एमालेका नेताहरूले कारवाही गरेको १४ जना सांसद निष्काशन गरेको विषयमा सभामुखले उचित निर्णय नगरेको भन्दै सर्वोच्च अदालतमा मुद्दासमेत दायर गरेका छन्। आजका लागि पेशी तोकिएको भए पनि अन्तिमममा आएर हेर्न नभ्याइने सूचीमा पर्‍यो। आइतबारसमेत सभामुखले सङ्घीय संसद् भवनमा नै कानूनमन्त्री कार्कीसहित एमालेका प्रमुख सचेतक र सचेतकसँग छलफल गर्नुभएको थियो। छलफलमा एमालेले आफ्नो पार्टीले कारवाही गरेका १४ सांसदलाई कारवाही गरेको सूचना प्रकाशित गर्नुपर्ने अडान राखेको थियो। निर्वाचन आयोगले नेकपा( एकीकृत समाजवादी) नामक दल दर्ता गरिसकेको अवस्थामा सभामुखले एमालेले यही भदौ १ गते दिएको निवेदनमाथि कारवाही गर्नुनपर्ने निर्णय गर्नुभएको थियो। सोही विषयमा आपत्ति जनाउँदै एमालेले निरन्तर सदनमा गत्यावरोध गर्दै आएको छ।

सङ्घीय संसद् भवनमा आयोजित सर्वदलीय बैठकमा सहभागी संसद्मा प्रतिनिधित्व गर्ने दलका नेताले पुनःएक पटक एमालेसहित बैठक आह्वान गर्ने गरी पहल गर्न सभामुखलाई सुझाव दिएका थिए। बैठकपछि लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले प्रमुख प्रतिपक्षी दल उपस्थित नभएका कारण आजको बैठकमा ठोस प्रगति नभएकाले एक पटक पुनःसर्वदलीय बैठक बोलाउन सभामुखलाई सुझाव दिएको जानकारी दिनुभयो। आजको बैठकमा सहभागी कानूनमन्त्री कार्कीले एमालेले बैठकमा सहभागी हुन नचाहेको जानकारी गराएको बताउनुभएको थियो। एमाले संसदीय दलका उपनेता 'सुवास नेम्वाङले आफूलाई टेलिफोन गरेर संसदीय दलका नेता केपी शर्मा ओलीले बैठकमा सहभागी नहुने निर्देशन दिनुभएको' भन्ने जानकारी दिनुभएको मन्त्री कार्कीले अवगत गराउनुभएको थियो। सर्वदलीय बैठकपछि राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेलले प्रतिपक्षी नआएका कारण बैठकको मुख्य एजेण्डामा कुनै निष्कर्ष नआएकाले पुनःएमालेसहितको बैठकका लागि आग्रह रहेको बताउनुभयो। "प्रमुख प्रतिपक्षी नआई संसद्को गत्यावरोध अन्त्य हुँदैन। फेरी पनि सभामुखले प्रयास गर्नुस् भन्ने नै आजको साझा निष्कर्ष रह्यो", सांसद पौडेलले भन्नुभयो।






# फुटसल लिग: क्यासलको हस्पिटल पार्टनरमा दीप हस्पिटल

पोखरापत्र संवाददाता
पोखरा, २८ भदौ

नेशनल फुटसल लिगमा प्रतिस्पर्धा गर्ने पोखरेली टोली स्पोर्टस् क्यासललाई हस्पिटल पार्टनरको रुपमा दीप हस्पिटल एण्ड रिसर्च सेन्टरले साथ दिने भएको छ।

पोखरा रङ्गशालामा आगामी असोज २ देखि २२ गते सम्म सञ्चालन हुने लिग अवधिभर खेलाडीहरुलाई आवश्यक स्वास्थ्य सम्बन्धि सबै सेवाहरु उपलब्ध गराईने अस्पतालका सञ्चालक अर्जुन गुरुङले बताए। उनले क्यासल टिमलाई व्यवस्थापनका लागि नगद रु ५० हजार समेत सहयोग गरेको बताए। '५० हजार त सानो रकम मात्रै हो, उनले भने, 'हामीले आगामी दिनमा समेत क्यासलसँग सकरात्मक र रचनात्मक कार्यक्रमहरुमा सहकार्य निरन्तर गर्नेछौ।' पोखरा महानगरपालिका १ स्थित शिक्षा कार्यालयको पारिपट्टिरहेको दीप अस्पतालमा २४ सैं घण्टा आकष्मिक सेवा समेत सञ्चालन हुदै आएको छ। गुरुङका अनुसार आकष्मिक सेवासँगै भिडियो एक्सरे, एक्सरे, ईसीजी, ओपिडी र ल्याबको व्यवस्था रहेको छ। यसैगरी सगरमाथा ईन्स्युरेन्स कम्पनी प्रालिले क्यासलका खेलाडीहरुलाई लिग अवधिभरका लागि जनही १ लाख बराबरको स्वास्थ्य विमाको व्यवस्था गरेको न्यूरोड शाखा प्रमुख राजेश केसीले बताए। उनका अनुसार खेलका अवधिमा कुनै पनि क्यासलका खेलाडी घाईते भएमा उपचारका लागि सगरमाथा विमा कम्पनीले व्होर्नेछ।

यसअघि क्यासललाई पोखराकै प्रतिष्ठित व्यपारिक घराना अंशुभराले मुख्य प्रायोजनको रुपमा एक वर्षको लागि सम्झौता गरिसकेको छ। गण्डकी प्रदेशबाट स्पोर्टस् क्यासलसँगै सविन मेमोरियल फुटसल टिमले उक्त लिगमा सहभागिता जनाउदैछ।

देशभरबाट कुल १० टिमको सहभागिता रहने सो प्रतियोगिताको विजेता टोलीले नगद रु १० लाख र उपविजेता टिमले ५ लाख प्राप्त अखिल नेपाल फुटबल संघ (एन्फाले) जनाएको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो।

–ग्लेडस्टोन

## सम्पादकीय

# पार्टी कब्जाको भय

पौने छ वर्षपछि नेपाली काँग्रेसको १४औं महाधिवेशनको प्रक्रियाअन्तर्गत धेरै जिल्लाका वडा तहको अधिवेशन सकिएको छ। पटक पटक कार्यतालिका फेरेको काङ्ग्रेसले ४१ जिल्लामा भदौ १८ गतेबाट वडामा अधिवेशन भएको छ। अन्य जिल्लामा क्रियाशील सदस्य विवाद हल गर्दै वडा अधिवेशन भएको छ। देशका २१ जिल्लामा पार्टीका क्रियाशील सदस्यताको विवाद टुङ्गो लगाएर काँग्रेसले असोज ५ गते वडा अधिवेशन गर्ने कार्यतालिका संशोधन गरेको छ। २१ जिल्लाको क्रियाशील सदस्यता विवाद टुंगिएको छैन। सबैभन्दा बढी विवाद प्रधानमन्त्री एवं सभापति शेर बहादुर देउवाको जिल्ला डडेलधुरामा भएको छाजिल्ला सभापति र कार्य समितिलाई ओभर टेक गरेर प्रहरी ,प्रशासनको प्रयोग भएको आरोप देउवालाई छ। पार्टीको अधिवेशन राज्य संयन्त्रको प्रयोग गरेर कब्जा गर्नु लज्जास्पद हो। पार्टी कब्जा गर्न जुन संयन्त्र प्रयोग भएको छ राज्यका अन्य अंग कसरी कब्जा गरिएको छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ। विपक्षी एमाले फुटाउन होस या अदालतबाट सत्ता पाउन राज्यका अंगहरुले सघाएका कारण देशमा राजनीतिक अस्थिरता बढेर गएको छ।

अधिवेशन भएका वडामा धेरैजसो निर्विरोध भएको छाथोरैमात्र वडामा चुनाव भएको छासदस्यता टुङ्गो लगाउनु अघि देखिएको विवाद वडा अधिवेशनमा भएन।कार्यसमिति र क्षेत्रीय प्रतिनिधिका लागि धेरै क्लस्टर भएको हुँदा चर्को प्रतिस्पर्धा गर्नुपर्ने अवस्था देखिएको छैन। कोरोना(कोभिड–१९) भाइरसको सङ्क्रमण र विभिन्न जिल्लामा बाढी पहिरोलाई चिर्दै वैधानिकता जोगाउन महाधिवेशनमा होमिएको छ। पटक पटक विभिन्न तहको अधिवेशनको कार्यतालिका तोक्ने तर अन्तिम समयमा स्थगित हुने अवस्थाबाट समयमा सीमा घर्कदै गएको थियो। पालिका अधिवेशनको अघिल्लो दिन मिति सारेर असोज ९ गते पुऱ्याउने काम भएको छाउमेदवारको खर्च बढाउने पार्टीमा कमाउन नसकेकाले राजनीतिमा स्थान छैन भन्ने सन्देश हो। यो अवस्थाबाट अगाडि बढेर काँग्रेसले पछिल्लो पटक तयार गरेको निर्धारित कार्यतालिका अनुसार नै वडा तहबाट निर्वाचन प्रक्रिया सुरुवात गरेको छ। यसबाट निर्धारित समयमा काँग्रेसको महाधिवेशन हुन्छ भन्नेमा ढुक्क हुने अवस्था छैन।नेपाली उखान "ढाँटको निम्तो खाई पत्याउनु भन्ने जस्तै छ"। काँग्रेसले यस पटक विधानत साङ्गठनिक संरचनालाई व्यापक परिवर्तन गरेको छ। वडामा सभापति, उपसभापति, सचिवलगायत मुख्य पद निर्वाचनकै माध्यमबाट नेतृत्व स्थापित हुने विधान बनाएर काँग्रेसले नेता कार्यकर्तालाई जनस्तरमा भिज्नुपर्ने, रम्नुपर्ने सन्देश दिएको छ। अर्कोतर्फ, पार्टीले समावेशी प्रतिनिधित्वका आधारमा नेतृत्व विकास गर्ने अवसर दिन खोजेको छाअब वडा अधिवेशनमा चयन भएका क्षेत्रीय प्रतिनिधिबाट काँग्रेसको गाउँ तथा नगरपालिका, प्रदेश, क्षेत्र, जिल्ला तहको नेतृत्व चयन हुनेछ।

काङ्ग्रेसको क्रियाशील सदस्य यो पटक दोब्बरले विस्तार गरी आठ लाखभन्दा बढी पुगेको छ। त्यसमा पनि युवाको सक्रिय उच्च वृद्धि गएको छ। क्रियाशील सदस्य, शुभेच्छुक नेता कार्यकर्ताका लागि पार्टी महाधिवेशन एक खालको राजनीतिक पर्व नै हो। नेता कार्यकर्तामा गाउँगाउँमा पुगेका छन्। यसले नेता कार्यकर्तामा एक खालको उत्साहमा वृद्धि हुनुका साथै मुलुककै राजनीतिमा नयाँ तरङ्ग सिर्जना गरिदिएको छ। पार्टीका केन्द्रीय सदस्यबाहेक केन्द्रीय महाधिवेशनमा आउन सबैले गाउँबाटै नेतृत्व चयन भएर आउनुपर्नेछ। काँग्रेसको अधिवेशनले पार्टीको वडा, नगर, प्रदेश, क्षेत्र, जिल्लामा सबल नेतृत्व मात्रै स्थापित हुने छैन, वडा तहदेखि नै हुने पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाले लोकतन्त्रलाई सबल बनाउन योगदान दिन सक्नेछ। पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई लोकतन्त्रको सौन्दर्य पक्षका रूपमा लिइन्छ र काँग्रेस अहिले त्यसैको अभ्यासमा छ।काङ्ग्रेसले प्रतिस्पर्धी दल भन्दा राम्रो बन्नु भन्दा अरु दल फुटाउने कलंकको टीका लगाउनु दुखद हो।

लोकतन्त्र र जनताका अधिकारका लागि लडेका राजनीतिक दलहरू लोकतन्त्रका आधारस्तम्भ नै हुन्। पार्टी जति बढी आन्तरिक लोकतान्त्रिक संरचना र गतिविधिमा सहभागी हुन सक्यो, त्यसले मुलुकको लोकतान्त्रिक अभ्यासलाई थप सुदृढ बनाउने गर्छ। दलहरु बलिया भएको कसैले पनि लोकतन्त्र खोस्न सक्दैन। लोकतन्त्रमार्फत संघीयता, समावेशी, समानुपातिक सहभागिता तथा युवा प्रतिनिधित्वलाई थप बलियो हुनेछ। यसले पार्टी, लोकतन्त्र र सिङ्गो राष्ट्रको बहुआयामिक भविष्य निर्माणका लागि सकारात्मक परिणाम दिन सक्छ। नेपालका हरेक लोकतान्त्रिक आन्दोलनमा आफ्नो नेतृत्व स्थापित गर्दै आएको काँग्रेसको महाधिवेशनलाई पार्टीको आन्तरिक जीवनमा मात्रै होइन, पार्टी बाहिरको राजनीतिक वृत्तबाट समेत निकै चासो र रुचिका साथ हेरिएको छ। सक्षमहरु बीच प्रतिस्पर्धा गरेर श्रेष्ठता कायम गर्न सकिन्छ। जालफेल,षड्यन्त्र गरेर प्राप्त गरेको सत्ता क्षणिक हुन्छ भन्ने सन्देश नयाँ सदस्यलाई दिन सकेमा महाधिवेशन सार्थकता हुनेछ।

# पाँच महिनापछि बेनी–दरबाङ सडक निर्माण पुनः सुरु

–सन्तोष गौतम

म्याग्दी, २८ भदौ (रासस)

बेनी–दरबाङ सडक निर्माणको मुख्य ठेकेदार पाँच महिनापछि काममा फर्किएको छ।

जिल्लाको रणनीतिक महत्वको सो सडक खण्डलाई सहायक ठेकेदारले अधकल्चो छाडेर अलपत्र बनाएको थियो। मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने सडक स्तरोन्नतिलाई पूर्णता दिन मुख्य ठेकेदारले बल्ल काम सम्हालेका हो। समानान्तर–लामा जेभीले ठेक्का लिएको यो सडक आयोजनाको सहायक ठेकेदार तथा प्रतिनिधि दयाराम थापा गत चैतदेखि कार्यक्षेत्र छाडेर भागेपछि अलपत्र बनेको थियो। मुख्य ठेकेदार समानान्तरण निर्माण कम्पनीका इञ्जिनीयर महेन्द्र शाहले सडक निर्माणलाई पूर्णता दिने गरी काम शुरुआत गरेको जानकारी दिनुभयो। "यही भदौ पहिलो हप्तादेखिनै ४० मजदुर, छ स्काभेटर, चार टिपर, एक ट्र्याक्टर र एक ब्याकुहोलोडरले काम गरिरहेका छन्", उहाँले भन्नुभयो, "आगामी वैशाख महिनाभित्र कालोपत्रे गर्ने लक्ष्यसहित उपकरण र मजदूरको सङ्ख्या बढाएर फरक–फरक ठाउँमा परिचालन गर्दैछौं।" बाह्र किलोमिटर ५०० मिटर सडक ११ मिटर फराकिलो बनाएर सात मिटर चौडाइका दरले कालोपत्रे गर्ने जनाइएको छ।

विसं २०७४ असोज ४ गते रु. ४५ करोडमा ठेक्का सम्झौता भएको यो सडक २०७६ माघ ४ गते निर्माण सक्ने लक्ष्य थियो। हालसम्म करिब ६० प्रतिशत मात्रै भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। कार्यालयका इञ्जिनीयर सन्तोष अर्यालले पछिल्लो पटक आगामी चैत महिनासम्म ठेक्काको म्याद थपिएको जानकारी दिनुभयो।

चौथो पटक म्याद थप भएको यो आयोजनाको ठेकेदारले पर्याप्त मजदूर र उपकरण परिचालन तथा सामग्री जुटाउन नसक्दा ढिलाइ भएको हो। म्याग्दीको 'लाइफ लाइन' मानिने २०६३ मा मार्ग खुलेको बेनी–दरबाङ सडक बर्खामा बाढी र पहिरोले दैनिकजसो अवरुद्ध र हिउँदमा धुलाम्मे हुन्छ। बेनी–तातोपानी खण्डको सडक विस्तार गरेर अधिकाँश ठाउँमा बेस राखेको थियो। बाँकी रहेको नाली, पर्खाल निर्माण र पहिरो पन्छाउने काम सुरु गरेको ठेकेदार कम्पनीका इञ्जिनीयर शाहले बताउनुभयो।

बर्खा रोकिएपछि बेनी–तातोपानी खण्डमा कालोपत्रे र तातोपानी–सिम खण्डमा विस्तार, पर्खाल र नाली निर्माण सुरु गर्ने उहाँले बताउनुभयो। तत्कालीन सडक डिभिजन कार्यालय बागलुङले ठेक्का लगाएको यो आयोजना २०७५ पुसमा प्रदेश सरकारलाई हस्तान्तरण भएको थियो। आयोजनाको दोस्रो चरणमा लाम्पाटादेखि दरबाङसम्म आठ किलोमिटर खण्ड सडक कालोपत्रे गर्न रु २२ करोड ५७ लाख ९३२ मा २०७६ जेठ ३१ गते बिरुवा–क्याराभान जेभीले ठेक्का लिएको थियो।

कम्पनीले हालसम्म ५० प्रतिशत निर्माण सकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ। मङ्गला गाउँपालिकाको सिमदेखि लाम्पाटासम्मको साढे दुई किलोमिटर सडक स्तरोन्नतिका लागि ठेक्का सम्झौताको तयारी गरेको कार्यालयका इञ्जिनीयर सञ्जय सुवेदीले बताउनुभयो।

# कुश्मामा असोज १ गतेदेखि विद्यालय खुल्ने

पोखरापत्र संवाददाता

पर्वत, २८ भदौ

कुश्मा नगरपालिकाले सबै विद्यालयमा भौतिक उपस्थितिमा पठनपाठन गर्ने भएको छ।

कोरोना सङ्क्रमण नियन्त्रण हुन थालेपछि आइतबार बसेको नगर शिक्षा समितिको बैठकले बन्द रहेका विद्यालय खोल्ने निर्णय गरेको हो। नगरप्रमुख रामचन्द्र जोशीले आगामी असोज १ गतेबाट सबै विद्यालय खोल्ने निर्णय भएको जानकारी दिनुभयो। नगरपालिकामा सङ्क्रमणको दोस्रो लहरपश्चात् वैशाखदेखि भौतिक उपस्थितिमा हुने पठनपाठन रोकिएको थियो। केही विद्यालयले अनलाइनमार्फत पढाइ सञ्चालन गरे पनि ग्रामीण क्षेत्रका अधिकाँश विद्यालयले इन्टरनेटको असुविधाका कारण अनलाइन कक्षा सञ्चालन गर्न सकेका थिएनन्।

विद्यालयलाई अनिवार्यरुपमा स्वास्थ्य मापदण्डको पालना गर्न अनुरोध गरिएको नगरप्रमुख जोशीले बताउनुभयो। नगरपालिकाभित्र ६७ सामुदायिक र १४ संस्थागत विद्यालयमा करिब नौ हजार विद्यार्थी अध्ययनरत छन्। पर्वतकै मोदी, बिहादी, महाशिला र पैयुँमा यसअघि नै भौतिक उपस्थितिमा विद्यालय खुलिसकेका छन्। स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर स्थानीय तहले विद्यालय सञ्चालन गर्न सक्ने निर्णय गरिएको थियो।

# हराएकामध्ये ८३ प्रतिशत बालबालिकाको परिवारमा पुनर्मिलन

–प्रकाश सिलवाल

म्याग्दी, २८ भदौ (रासस)

गत आर्थिक वर्षमा हराएकामध्ये ८३ प्रतिशत बालबालिकालाई खोजी गरी परिवारमा पुनर्मिलन गराइएको छ।

नेपाल सरकार, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मार्फत् उक्त वर्षमा तीन हजार ६५८ बालबालिका हराएकामध्ये तीन हजार नौ जनालाई पुनर्मिलन गराइएको हो। सोही अवधिमा बेवारिसे फेला परेका १९७, सडक बालबालिका ३५५ र जोखिमपूर्ण कार्यमा संलग्न तथा सडकमा वस्तु विनिमयमा संलग्न ५८ बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता उमेश ढुङ्गानाले जानकारी दिनुभयो। नभेटिएकामध्ये कतिपय बालबालिका सीमापारि छिमेकी भारत पुगेको हुनसक्ने र त्यहाँबाट खोजी र उद्धार गर्न कठिनाइ हुने गरेको छ।

सो मन्त्रालय र मातहतको राष्ट्रिय बाल अधिकार परिषद्ले स्थानीय तह र नेपाल प्रहरी समेतको समन्वयमा बालअधिकार ऐनको कार्यान्वयन,बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्दै आएको छ। परिषद्को बालबालिका खोजतलास केन्द्रले पछिल्लो समय यही भदौ १७ गते काठमाडौँको कलङ्कीबाट बेवारिसे सडक बालबालिकालाई खोजी गरेर उद्धार र व्यवस्थापन गरेको थियो। यसरी उद्धार गरिएका १३ वर्षमाथिका बालबालिकालाई बौद्धस्थित शुभर रिकभरी, उपचार तथा पुनःस्थापना केन्द्र र १३ वर्षमुनिका बालबालिकालाई ललितपुरको बाल आवाज संस्थाको गृहमा संरक्षण गरिँदै आएको छ। केन्द्रले हराएको बालबालिकाको खोजी गरी परिवारको जिम्मा लगाउने र अभिभावक पत्ता नलागेकालाई संस्थामा राखेर पढाइ र पालनपोषणका लागि समन्वय गर्दै आएको खोजतलास केन्द्रका कार्यक्रम अधिकृत सन्तोष अधिकारीले बताउनुभयो।पैसा नलाग्ने फोन १०४ लाई काठमाडौँ उपत्यकाबाहेकका जिल्लामा परिषद्को सहयोगमा नेपालप्रहरीकोमहिला,बालबालिका सेलले सञ्चालन गर्दै आएको छ।

मन्त्रालयको आँकडाअनुसार विसं २०७३ वैशाखदेखि सुरु भएको 'सडक बालबालिका मुक्त नेपाल' अभियानबाट २०७८ असार मसान्तसम्ममा एक हजार ७८८ जना (बालक–१५३६, बालिका–२५२) सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ।

सडकबाट ८६८ बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको, २१४ लाई विभिन्न सीपमूलक तालिममा पठाइएको र ५९ जना तालिम पूरा गरी सीपमूलक कार्यमा संलग्न रहेको, ५० बालबालिकाको परिवार तथा अभिभावक नभेटिएकाले दीर्घकालीन संरक्षणका लागि वैकल्पिक स्याहारमा पठाइएको छ। परिषद्का कार्यकारी निर्देशक मिलन धरेलले उद्धार गरिएका बालबालिकामध्ये १८८ बालबालिकाले १८ वर्ष पूरा गरी स्वावलम्बी भएको रहेको बताउनुभयो। मुलुकमा पछिल्लो समयमा १८ वटा बालहेल्पलाइन सेवा केन्द्र र बालबालिका खोजतलास समन्वय केन्द्रमा कोभिड–१९ हेल्प डेस्क सञ्चालन भएको छ। यी हेल्पडेस्कबाट गत आर्थिक वर्षमा तीनहजार ५७ बालबालिकाले सहयोग लिएको छन्। परिषद्ले बाल हेल्पलाइन (१०९८) को थालनी गरी जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ७१६ बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको छ भने १० हजार ३६८ जना बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रदान गरेको छ।

कोभिड १९ मा बालबालिकाको संरक्षण

सरकारले कोभिड–१९ लक्षित सचेतना सामग्रीको निर्माण गरी दुई लाख ६० हजारभन्दा बढीमा पहुँच पुगेको जनाएको छ भने सातै प्रदेशका ५४२ स्थानीय तहका ६१२ जनाको सहभागितामा कोभिड–१९ मा बालबालिका केन्द्रित सेवा प्रवाहमा स्थानीय तहको भूमिका तथा तयारीसम्बन्धी भर्चुअल माध्यमबाट अन्तर्क्रिया गराएको छ। बालबालिकालाई कोभिड–१९ बाट संरक्षणका लागि ७५३ वटै स्थानीय तहलाई मन्त्रालयले अनुरोधपत्र पठाएको छ। मुलुकमा ६० जिल्लाका १८० कोभिड सङ्कट बालबालिका सहायता स्वयंसेवी समूह परिचालन गरिएको छ भने २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रका लागि आवश्यक न्यूनतम स्वास्थ्य सामग्री सहयोग गरिएको छ। नेपाल बाल सङ्गठनको हातामा १० शय्या भएको बालमैत्री क्वारेन्टिन स्थल सञ्चालनका लागि सहयोग उपलब्ध गराइएको छ भने ४५७ वटा बालगृहमा रहेका ११ हजार ३३२ बालबालिकाको अवस्था अनुगमन, समन्वय र सहजीकरण भएको छ। कोभिड–१९ बाट अभिभावकविहीन भएका ३० वटा स्थानीय तहबाट २०२ जना बालबालिकाको संरक्षण प्रक्रियाको सुरुआत गरिएको प्रवक्ता ढुङ्गानाले जानकारी दिनुभयो।

राष्ट्रिय बाल दिवस मनाइँदै

'सामान्य अवस्था वा कोभिड महामारी : बाल अधिकार संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने नाराका साथ यही भदौ २९ गते प्रधानमन्त्री शेरबहादुर देउवाट भर्चुअलरुपमा शुभारम्भ गरिने ५७ औं राष्ट्रिय बाल दिवस २०७८ का अवसरमा मनाइने बालअधिकारका क्षेत्रमा भएका प्रयास र उपलब्धिको समीक्षा हुँदैछ। दिवसकै अवसर पारेर सडक बालबालिकामुक्त राष्ट्र नेपाल बनाउने अभियानअन्तर्गत सडकदेखि रङ्गशालासम्म कार्यक्रम, बालअधिकार परिषद् र नेपाल रग्वी एसोशियसनले सडक बालबालिकालाई रग्वी प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरिनेछ।

उक्त प्रशिक्षणमा ४० जना सडकबाट उद्धार तथा संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको सहभागिता रहनेछ। विभिन्न संस्थाको सहकार्यमा सातै प्रदेशमा बालबालिकामा कोभिडले परेको प्रभाव र समाधानका उपायका विषयमा सिर्जनात्मक अभिव्यक्ति प्रस्तुत गर्ने कार्यक्रम पनि राखिएको छ।

# म्याग्दीमा असोज १ गतेदेखि विद्यालय खुल्ने

पोखरापत्र संवाददाता

म्याग्दी, २८ भदौ

कोरोना भाइरसको दोस्रो लहरको महामारी फैलिएपछि बन्द भएका म्याग्दीका शैक्षिक संस्था र तातोपानीका कुण्ड असोज १ गतेदेखि खुल्ने भएका छन्। जिल्ला प्रशासन कार्यालयमा सोमबार बसेको कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले गत वैशाख दोस्रो हप्तादेखि बन्द भएका शैक्षिक संस्था र तातोपानीका कुण्ड खुलाउने निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले कोभिड–१९ सम्बन्धी सूक्ष्म योजना र 'स्मार्ट लकडाउन' को अवधारणाअनुसार विद्यालय र तातोपानी कुण्ड खुलाउने निर्णय गरिएको जानकारी दिनुभयो। "बेनी नगरपालिका र मालिका गाउँपालिकाबाट विद्यालय खुलाउन सिफारिस भएर आएको थियो", उहाँले भन्नुभयो, "कोरोना सङ्क्रमणको दर घटेकाले स्वास्थ्य सुरक्षाका मापदण्ड कडाइका साथ पालना गरेर भौतिक उपस्थितिमै पठनपाठन गराउने निर्णय भएको हो।" धवलागिरि, रघुगङ्गा, मङ्गला र अन्नपूर्ण गाउँपालिकाले यसअघि नै विद्यालय सञ्चालन गरिरहेका छन्। यसैगरी म्याग्दीमा रहेका प्राकृतिक तातोपानीका कुण्डमा जिल्लावासीका लागि सर्त पालना गरेर स्नानका लागि खुलाउने निर्णय भएको छ। कोरोना विरुद्धको खोप लगाएको १० दिन नाघेका र ७२ घण्टाभित्रको पीसीआर तथा एन्टिजेनको नेगेटिभ रिपोर्ट भएका जिल्लावासीलाई तातोपानीमा स्नान गर्न दिइने भएको छ। बेनी नगरपालिकाको सिंगा, अन्नपूर्ण गाउँपालिकाको भुरुङ, रातोपानी, सेकार्कु, रघुगङ्गाको दर्मिजा, धवलागिरिको बगर र गुर्जामा प्राकृतिक तातोपानीको कुण्ड रहेका छन्। म्याग्दी कोरोनाका सक्रिय सङ्क्रमितको सङ्ख्या ५० जनाभन्दा कम छ। पैंतालिसमध्ये ३० वटा वडामा कोरोना सङ्क्रमित छैनन्।

# मलेसिया गएका युवा १६ वर्षदेखि बेपत्ता

पोखरापत्र संवाददाता

पर्वत, २८ भदौ

रोजगारीका लागि मलेसिया गएका पर्वतका एक युवा १६ वर्षदेखि बेपत्ता भएका छन्।

महाशिला गाउँपालिका–१ होश्राङ्दीको अर्गाउदीका उमाराज र विष्णुमाया विकका छोरा सर्वजित विक सम्पर्कविहीन भएका हुन्। विसं २०६२ मा त्यसतर्फ गएका सर्वजित हालसम्म परिवारका सम्पर्कमा नआएपछि परिवारले खोजी गरिदिन अपिल गरेका छन्।

छोरालाई हालसम्म सबै ठाउँमा खोजतलास गर्दा पनि अत्तोपत्तो नभएपछि खोजी गरिदिन आमा विष्णुमायाले सबैलाई अपिल गर्नुभएको छ। राम्रो लाउने मीठो खाने सपना बोकेर धन कमाउने आशामा विदेश गएको छोरा बेपत्ता भएपछि आफूहरू अत्यन्त पिरमा परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "घरको आर्थिक समस्याले छोरालाई विदेश पठायौं तर १६ वर्षसम्म छोराको अत्तोपत्तो नपाउँदा हामी छोराकै पिरले दिनको भोक न रातको निद भएका छौं।" विष्णुमायाले भक्कानिँदै भन्नुभयो। मलेसिया गएको चार वर्षसम्म छोराले फोन गरिरने गरे पनि त्यसपछि कुराकानी हुन छोडेको उहाँको भनाइ थियो।

अहिले कहाँ कस्तो अवस्था छ, कुनै आपतविपत् परेर हो कि अथवा केही भयो कि ? छोराको अवस्था थाहा पाउन नसकेपछि हामी सारै सस्यामा परेका छौं। लामो समयसम्म पनि छोरा घर नफर्केपछि छोरा आमाबाबु चौबिसै घण्टा पिरोलिने गरेको बेपत्ता सर्वजितकी भाउजू सम्झना विकले बताउनुभयो।

काठमाडौं मेभ मेनपावरबाट मलेसिया गएका सर्वजित मलेसियाको सेलेङ्गर भन्ने ठाउँमा (निलेइ कम्पनी) हेन गल्वस कम्पनीमा काम गरेको उनका आफन्त विष्णुराम विकले बताउनुभयो। चार वर्षसम्म सोही कम्पनीमा काम गरेको र त्यसपछि त्यहीँबाट सम्पर्कविहीन भएको उहाँको भनाइ छ। सर्वजितलाई विदेश पठाएको मेनपावर अहिले बन्द भएको छ। हालसम्म धेरै खोजी गर्दा पनि सर्वजितको अवस्था पत्ता नलागेको उहाँले बताउनुभयो। विक परिवार अझै पनि छोरो घर फर्किन्छ भन्ने आशामा रहेका छन्। छोरा गएको ठाउँ मलेसियालगायत सबैतिर खोजिदिन परिवारले आग्रह गरेका छन्।

# राष्ट्रिय विज्ञान दिवस मनाइँदै

रासस

काठमाडौं, २८ भदौ

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यही असोज १ गते राष्ट्रिय विज्ञान दिवस मनाउने तयारी गरेको छ।

विज्ञान तथा प्रविधिका क्षेत्रमा अहिलेसम्म भए गरेका प्रगतिबारे जनचेतना फैलाउनका साथै देशभित्र विज्ञान, प्रविधि र नवप्रवर्तन भित्र्याउन विज्ञान कूटनीतिमार्फत पहल गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको हो। यहाँ सोमबार आयोजित पत्रकार सम्मेलनमा विज्ञान तथा प्रविधिसचिव डा सुरेश आचार्यले विज्ञान तथा प्रविधिका विभिन्न खोज अनुसन्धानका साथै आविस्कारबारे जानकारी गराउन दिवस मनाउन लागिएको बताउनुभयो।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : मन चञ्चल | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मानसिक तनाव | कुम्भ | : शत्रुको भय |
| कन्या | : कार्यमा सफलता | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# भीमादरबार संरक्षण अभियान

पोखरापत्र संवाददाता
पर्वत, २८ भदौ

भुरेटाकुरे राज्यको इतिहास बनेको भीमापोखरालाई संरक्षण गर्ने अभियानमा स्थानीयवासी जुटेका छन् । काठेखोला गाउँपालिका–२ र गण्डकी प्रदेश सरकारको संयुक्त प्रयासमा गत वर्ष रु २० लाखको काममसमेत भइसकेको छ । इतिहास संरक्षण गर्ने र पर्यटकीय गन्तव्य बनाउने अभियानमा काम सुरु भएको वडाध्यक्ष विद्यापति शर्माले जानकारी दिनुभयो ।

ऐतिहासिक कोटलाई पुनःनिर्माण, मर्मत र पदमार्गसहितको बनाउन थालिएको उहाँले बताउनुभयो । पर्यटक पुऱ्याएर गाउँमा चहलपहल बढाउने लक्ष्य पनि राखिएको छ । १८१५ सालमा भीमापोखरामा चौबिसे राजामध्येका दीर्घनारायण मल्ल र उनकी रानी भीमाले राज्य गरेको इतिहास छ । भीमारानी दरबारको भग्नावशेष पुनःनिर्माण गर्दा इतिहास पनि संरक्षण हुने, पर्यटन प्रवर्द्धन पनि गर्न सकिने गाउँपालिका अध्यक्ष अमर थापाले बताउनुभयो । पालिकाले यहाँ रु दुई करोड लगानी लाग्ने गरी संरचना बनाउन सकिने विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) बनाएको छ । "डीपीआरअनुसारको काम सक्न रु दुई करोड चाहिन्छ, तर अहिले काम थालिएको मात्रै हो", थापाले भन्नुभयो, "प्रदेश र सङ्घीय बजेटको खोजी भएको छ, प्राप्त भएमा अर्को वर्ष केही भएको देखिने छ ।" पुनःनिर्माणको काममा ऐतिहासिकस्थलको संरक्षण, संस्कृतिको प्रवर्द्धन तथा पर्यटकीय गन्तव्य बनाउने योजना रहेको स्थानीयवासी चन्द्रमणि उपाध्यायले बताउनुभयो । भीमा रानीकै सम्झनामा यो गाउँलाई धेरै पहिलादेखि नै भीमापोखरा भनिएको उहाँले बताउनुभयो । इतिहासकारका अनुसार श्रीमान्को मृत्युपछि १८४३ सालमा छोरा गणेशबम मल्ल राजा भएका थिए । मल्लकै शासनकालमा बहादुर शाह र अमरसिंह थापाको फौजले यो राज्य कब्जा गरेको इतिहास छ । राज्य बिलयपछि भीमा रानीले पोखरी खनेको ऐतिहासिक छ । उक्त पोखरीकै नामबाट तत्कालीन गाविसको नामाकरण भएको थियो । नेपालको ऐतिहासिक रुपरेखा नामक पुस्तक र सहप्राध्यापक विष्णु मैत्रेयको ' बागलुङको सेरोफेरो' नामक कृतिमा पनि भीमापोखराको इतिहास लेखिएको छ ।

अग्लो पहाडमा पर्खाल लगाएको कोतघरजस्तो देखिने भीमापोखरामा अहिले पनि भग्नावशेष देख्न सकिन्छ । यहाँ कोठा र राजाको बैठककक्षजस्तो आकृति अझै देखिन्छन् । "इतिहास सम्झाउने दरबार भएकोले संरक्षण आवश्यक छ", उपाध्यायले भन्नुभयो, "पर्यटकीय गन्तव्य बनेपछि गाउँमा आर्थिक समृद्धिको ढोका खुल्छ ।" भीमापोखरा पुग्न मध्यपहाडी लोकमार्गको अक्षेतेबाट ३० मिनेटको जिपको यात्रामा पुगिन्छ । यहाँ हाल कच्ची सडकले जोडिएको छ । "सडक विस्तार र स्तरोन्नतिको योजना पनि छ, त्यसले पर्यटक भित्र्याउन सहयोग पुग्छ", वडाध्यक्ष शर्माले भन्नुभयो, "पदमार्गमार्फत आउनेलाई पनि वैकल्पिक मार्ग बनाउन काम थालिसकियो ।" पदमार्ग निर्माणले पर्यटक बढाउने उहाँले बताउनुभयो ।

कोत, घण्टाघर, सुरक्षाकर्मीले पहरा दिने कोठा र चोक भएकाले भग्नावशेषलाई दरबारकै रुपमा उठाउनुपर्ने योजना बनेको शर्माले बताउनुभयो । गाउँपालिकाले भीमापोखरा हुँदै धम्जा, तंग्राम, बिहुँतर्फको पहाडी कोरिडोर रेखाङ्कन गरेको छ । वडा नं १ को पाला, कालीमाटी हुँदै सदरमुकाम जोड्ने सडक पनि स्तरीय बनाउन काम सुरु भएको छ ।



गह्रौंसुर कालिका मन्दिरः स्याङ्जाको वालिङ–८ र गल्याङ -१० को सङ्गमस्थल गह्रौंसुरमा अवस्थित गह्रौंसुर कालिका मन्दिर । तस्विरः तोलाकान्त बगाले

# सेनाको श्रमदानमा फड्के बनेपछि विद्यालय सञ्चालन

पोखरापत्र संवाददाता
मनाङ, २८ भदौ

लामो समयदेखि थालिएको मनाङको शैक्षिक क्षेत्र खुल्न थालेका छन् । कोभिड–१९ को सङ्क्रमण घट्दै गएसँगै विद्यालय खुल्न थालेका हुन् । मनाङका शैक्षिक क्षेत्रमा कोभिडसँगै बाढीपहिरोले क्षति पुऱ्याउँदा ठप्प भएको पठनपाठन आइतबारदेखि खुला भएको शिक्षा विकास तथा समन्वय एकाइ मनाङले जनाएको छ ।

दुई वर्षभन्दा बढी पठनपाठन रोकिएको मनाङको शिक्षा क्षेत्रमा बाढीपहिराले पनि क्षति पुऱ्याउँदा रोकिएको पढाइ पुनः सञ्चालन भएको हो । मर्स्याङ्दी नदीमा असार १ र त्यसपछि आएको बाढीपहिराले भौतिक संरचना बगाएको थियो । अन्य भौतिक संरचनासहित सदरमुकाम चामेको लोकप्रिय माध्यमिक विद्यालयको पनि भवन एक चौथाइ भाग बगाएको थियो । विद्यालयको बाढीले बगाएको भागको संरक्षण र तटबन्ध गरिएपछि आइतबारदेखि खुलेको छ । नेपाली सेनाले विद्यालयसम्म आउजाउ गर्नका लागि फड्के बनाएपछि विद्यालय खुला गरिएको विद्यालयका प्रधानाध्यापक कृष्णदास कोइरालाले जानकारी दिनुभयो । "विद्यार्थीलाई कसरी पढाउने भन्ने चिन्ता थियो । सेनाको श्रमदानमा फड्के र विद्यालयको नदीपट्टिको भागमा ताजाली लगाएर पर्खाल बनाइएपछि पठनपाठन सुरु गरेका छौँ", प्रधानाध्यापक कोइरालाले भन्नुभयो ।

उहाँका अनुसार भौतिकरूपमा कक्षा सञ्चालन हुन नसके पनि अर्धवार्षिक परीक्षा सकिएपछि वैशाख २० गतेदेखि विद्यालय पूर्णरूपमा बन्द थियो । आन्तरिक तथा बाह्य मूल्याङ्कनका आधारमा परीक्षाफल प्रकाशित गरिएको उहाँले बताउनुभयो । गत वर्षको कोरोना सङ्क्रमणको जोखिम र वैशाख १६ पछिको निषेधाज्ञाले शैक्षिक क्षेत्र पूर्णरूपमा बन्द थिए । बाढीले विद्यालय भवन नै बगाएपछि विद्यालय सञ्चालन गर्ने अवस्थामा नै थिएन । "जसोतसो गरी आइतबारदेखि विद्यार्थीलाई विद्यालयमा बोलाइएको छ", उहाँले भन्नुभयो, "नियमित कक्षा सञ्चालन भने असोज १ गतेदेखि हुनेछ ।" बाढीले विद्यालयको कार्यालय, शिक्षक आवास, चार कक्षाकोठा, भोजन कक्ष (डाइनिङ हल) बगाएको थियो । मूल भवन मात्रै बाँकी रहेको थियो । खेल मैदान र विद्यालय आउने बाटोसमेत बाढीले बगाएको विद्यालयमा आइतबारदेखि विद्यार्थी आउन थालेका हुन् । नेपाली सेनाको श्रमदानमा विद्यालय आउजाउ गर्न काठको फड्के बनाउनुका साथै छेउछाउ तारबार लगाइएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पल्साङ लामाले बताउनुभयो । उहाँका अनुसार आइतबार नाम दर्ता गरी हाजिर थालिएको र विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिएको छ ।

बाढीपहिराका कारण सडक सबै क्षतिग्रस्त भएपछि बेँसीशहरबाट हेलिकप्टरमार्फत पाठ्यपुस्तक ल्याइएको थियो । "विद्यालयका शिक्षकको एन्टिजेन विधिबाट कोरोना सङ्क्रमण परीक्षण गरेर नतिजा नेगेटिभ आएपछि पठनपाठनमा सहभागी गराएका छौँ । मास्क र सेनिटाइजरको पूर्ण पालना गरिएको छ, समय समयमा विद्यालयमा सरकारले तोकेको स्वास्थ्य सुरक्षाको पालना गरिएको छ कि छैन भन्ने विषयमा अनुगमन पनि गर्नेछौँ", उहाँले भन्नुभयो । नर्सरीदेखि कक्षा १० सम्मका करिब ६५ विद्यार्थी पहिलो दिन विद्यालयमा उपस्थित भएको उहाँले बताउनुभयो । एघार कक्षाको पठनपाठनका लागि भर्ना थालिएको छ । बाह्र कक्षाको परीक्षा तयारीमा रहेको छ ।

चामे गाउँपालिका–१ तिमाङको गौरीशङ्कर आधारभूत विद्यालयमा पनि पठनपाठन थालिएको छ । उक्त विद्यालय भने बाढीपहिराको जोखिममा परेको थिएन । शिक्षा विकास तथा समन्वय एकाइ मनाङका प्रमुख नारायण रेग्मीले जिल्लाका शैक्षिक संस्थाहरु असोज १ गतेदेखि पूर्णरूपमा खुल्ने जानकारी दिनुभयो । चामे गाउँपालिकाभित्रका विद्यालय खुल्न थालेको र अन्य गाउँपालिकाका विद्यालय पनि छिट्टै खुल्ने उहाँले बताउनुभयो । प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले असोज १ गतेदेखि भौतिकरूपमा कक्षा सञ्चालन गर्न आदेश दिइएको बताउनुभयो ।

विद्यार्थी कम हुनुका साथै कोरोना जोखिम पनि घट्दै गएकाले आइतबारदेखि विद्यालय सञ्चालनको अनुमति दिइएको लामिछानेले बताउनुभयो । मनाङमा कक्षा १२ सम्मका दुईसहित चार माध्यमिक विद्यालय, कक्षा एकदेखि पाँच र एकदेखि आठसम्मका १० वटा आधारभूत विद्यालय र एकदेखि पाँच कक्षासम्मका १२ विद्यालय गरी जिल्लामा २६ वटा विद्यालय रहेका छन् ।

# सिक्किम पुग्दै बागलुङमा उत्पादित मौरीघार

-तारानाथ आचार्य
बागलुङ, २८ भदौ

बागलुङमा उत्पादित आधुनिक मौरीघार छिमेकी राष्ट्र भारतमा निर्यात हुन थालेका छन् । बागलुङ नगरपालिका–१२, अमलाचौरमा रहेको बलेवा मौरीपालन उद्योगले उत्पादन गरेका घार भारतको सिक्किममा निर्यात हुन थालेका छन् ।

सिक्किमको कृषि विज्ञान केन्द्रले यहाँ उत्पादन भएका घार खरिद गरेर त्यहाँका किसानलाई उपलब्ध गराउन थालेको हो । सार्वजनिक सूचनामार्फत् मूल्यसूची माग गर्दा स्थानीय कम्पनीसँग प्रतिस्पर्धा गरेको उद्योगले घार उपलब्ध गराउने जिम्मेवारी पाएको थियो । पहिलो चरणमा २२६ घारका लागि विज्ञान केन्द्रले माग पठाएकाले निर्यात प्रक्रिया थालेको उद्योग सञ्चालक जीवनबाबु खत्रीले बताउनुभयो । "पत्रिकामा आएको सूचनाका आधारमा मूल्यसूची पेश गरेका थियौं, हाम्रो घारको गुणस्तर र मूल्य दुवै सारभूत भएको भन्दै हामी छनोटमा परेको सूचना आयो", खत्रीले भन्नुभयो, "त्यहाँको सरकारी निकायले नै हाम्रो घर किसानलाई बाँड्ने भएपछि माग थप बढ्ने छ ।"

अहिले पनि भारतबाटै मौरीका घार नेपाल आइरहेको अवस्थामा यहाँ उत्पादित घार भारतीय किसानको घर घरमा पुग्नु आफ्ना लागि सुखद पक्ष भएको खत्री बताउनुहुन्छ । "सुन्दै आएको छु, वार्षिक रुपमा नेपालमा ४० देखि ५० हजार मौरीघार भारतबाट आयात हुन्छन्, सहज वातावरण हुने हो भने आयात घटाएर निर्यात गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

टुनीको काठबाट बनेका घरको माग बढी छ । पहिलो पटक भारत निर्यात गर्न थालेको सो उद्योगले नेपालबाट भन्सार पार गराउन पुऱ्याउनुपर्ने प्रक्रिया भने झन्झटिलो रहेको जनाएको छ । "युवाहरु किन यहाँ काम हुँदाहुँदै विदेशिन्छन् भनेर बल्ल बुझ्दै छु, घार बनाउन गाह्रो छैन, तर बिक्री गर्ने प्रक्रियाले बनाउँदाको भन्दा तीन गुणा बढी झन्झट व्होर्नु पर्‍यो", खत्रीले भन्नुभयो, "वातावरण सहज भए हाम्रो उत्पादन पनि विदेश निर्यात हुने रहेछ ।" उद्योगमा नौ जना कालीगढले घार बनाउने काम गर्छन् । नेपालमा मात्रै खपत हुने गरेका मौरिघार विदेशमा समेत माग हुँदा उत्पादन र रोजगारी दुवै बढ्ने खत्री बताउनुहुन्छ । वार्षिक एक हजार दुई सय घार उत्पादन गर्दै आएको सो उद्योगले पोखराबाट टुनीको काठ खरिद गरेर घार बनाउने गरेको छ । मूल्य प्रतिघार रु तीन हजारदेखि रु तीन हजार ६००सम्म रहेको छ । "यो जिल्लावासी र देशकै लागि सुखद कुरा हो, छिमेकी मुलुकमा हाम्रो उत्पादनले प्रतिस्पर्धा गर्न पाउनु", कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराई भन्नुहुन्छ, "वैज्ञानिक रुपमा उत्पादन भएका घार निर्यातमा हामी सहयोग गर्छौं ।" उद्योगले मौरसहितका घारलाई भने आठ हजार ५०० मा बिक्री गर्ने गरेको छ । एक सय घार मौरी रहेको उद्योगमा वार्षिक हजारौं लिटर मह उत्पादन हुन्छ । बलेवा मौरीपालन उद्योगमा उत्पादित मह प्रतिकिलो रु एक हजारमा बजारमा बिक्री हुने गरेको छ ।

# चार मेगावाट बिजुली थपिँदै

पोखरापत्र संवाददाता
लमजुङ, २८ भदौ

जिल्लामा आगामी असोज पहिलो सातादेखि चार मेगावाट बिजुली थपिने भएको छ ।

दोर्दी गाउँपालिका–७ र ८ को सिमानामा माथिल्लो छ्याङ्दीखोला साना जलविद्युत् आयोजना निर्माण सम्पन्न भएपछि सो परिमाणको बिजुली थपिने भएको हो । उत्पादन परीक्षण भइसकेकाले असोज पहिलो सातादेखि बिजुली राष्ट्रिय प्रशारण लाइनमा जोडिने आयोजनाका प्रमुख कार्यकारी अधिकृत एलबी थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "असोज पहिलो सातादेखि नै बिजुली उत्पादन हुन्छ ।" विसं २०७७ साउनमा सम्पन्न गर्ने लक्ष्यका साथ आयोजनाको काम थालिएको थियो । कोरोना सङ्क्रमणका कारण आयोजना एक वर्ष ढिला सकिएको हो । रु ८० करोड ३५ लाखको लागतमा बिजुली उत्पादन भएको प्रबर्द्धक कम्पनी छ्याङ्दी हाइड्रोपावरले जनाएको छ । सो आयोजनामा बैंक अफ काठमाडौं र कुमारी बैंकको ७५ प्रतिशत ऋण रहेको छ ।

आयोजनाको बाँधस्थलबाट सर्जट्याङसम्म दुई हजार ८७४ मिटर हेडरेस र सर्जट्याङबाट एक हजार ३५६ मिटर पेनस्टक पाइपबाट विद्युत् गृहमा पानी फालिएको छ । यहाँबाट उत्पादित बिजुली उदिपुर सवस्टेशनमा जोडिने छ । आयोजनाले २०७४ असार २२ गते नेपाल विद्युत् प्राधिकरणसँग पिपिए सम्झौता गरेको थियो । सो सम्झौता अनुसार वर्षायाममा प्रतियुनिट मूल्य चार रुपैयाँ ८० पैसा र हिउँदमा प्रतियुनिट आठ रुपैयाँ ४० पैसा तोकिएको छ ।

रक्तदान जीवनदान
जीवनदान महादान

# आकर्षणस्थल बन्दै 'ऐनापहरा झरना'

रासस
दमौली, २८ भदौ

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनीमा रहेको ऐनापहरा झरना सर्वसाधारणको आकर्षणस्थलका रुपमा विकास हुन थालेको छ । आँबुखैरेनी गाउँपालिका वडा नं २ र ४ को सिमानामा पर्ने उक्त झरना सर्वसाधारणको आकर्षणस्थलका रुपमा विकास हुन थालेको हो । राजमार्गसँगै जोडिएका कारण पनि यात्रा गर्ने हरेक सर्वसाधारण झरनामा पुग्ने गरेका छन् ।

झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ र टिकटक बनाउन सर्वसाधारणको भीड बढ्न थालेको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिँउडी खोलाको पानी बगेर झरनामा मिसिएको छ । काठमाडौं–स्याङ्जा यात्राका क्रममा मानिसको चहलपहल देखेपछि झरनामा पुगेका स्याङ्जाका राजकुमार तामाङले झरना निकै राम्रो लागेको प्रतिक्रिया दिनुभयो । काठमाडौंका सचिन खड्काले टिकटकमा झरना देखेर यात्रा गर्दा आफू पनि उक्त झरनामा पुगेको जानकारी दिनुभयो । खोला बढेका बेलामा पानीको बेग बढी हुने भएकाले झरना मनमोहक देखिएको उहाँले बताउनुभयो ।

तनहुँको व्यास नगरपालिका–४ का सुदिप पौडेलले ऐनापहरा महत्वपूर्ण पर्यटकीयगन्तव्य रुपमा विकास हुन थालेको सुनाउनुभयो । त्यस क्षेत्रमा पार्किङको समस्या देखिएकाले गाउँपालिकाले त्यसतर्फ ध्यान दिनुपर्ने उहाँको सुझाव छ । निजी सवारी साधनमा राजमार्ग हुँदै यात्रा गर्ने अधिकांश सर्वसाधारण झरनामा केही समय भुल्ने गरेका छन् । आँबुखैरनी–४ का वडाध्यक्ष नेत्र गुरुङले दैनिक तीन सयदेखि चार सय सर्वसाधारण झरनासम्म आउने गरेको जानकारी दिनुभयो । झरनामा पर्यटकीय चहलपहल बढेसँगै गाउँपालिकाले यसलाई व्यवस्थित बनाउन पहल थालेको छ । गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले सर्वसाधारणको चहलपहल बढ्न थालेकाले पूर्वाधार निर्माणलाई अगाडि बढाइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सर्वसाधारणको बाक्लो उपस्थिति हुन थालेपछि सवारी व्यवस्थापनका लागि पार्किङ निर्माणको काम शुरु गर्ने तयारीमा छौं ।" राजमार्गमा यात्रा गर्नेहरुले यस ठाउँलाई थकाइ मेटाउने स्थलका रुपमा विकास गरिरहेको उहाँले बताउनुभयो ।

सर्वसाधारणको चहलपहल बढेपछि यहाँका स्थानीयवासीलाई आयआर्जनको माध्यम पनि भएको छ । पानी, चाउचाउलगायतका खाद्य पदार्थ बिक्री वितरण गरेर स्थानीयवासीले आम्दानी गर्न थालेका छन् । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन डिपीआर निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलले जानकारी दिनुभयो । यस ठाउँलाई व्यवस्थित गर्न डिपीआर अनुसार रु दश करोड बजेट आवश्यक पर्छ । गाउँपालिकाले चालू आर्थिक वर्षमा यस ठाउँका लागि रु ३० लाख बजेट विनियोजन गरेको छ । रु १० करोडको बजेटमा संरचना निर्माण गरिने पोखेलले बताउनुभयो । आर्थिक वर्ष २०७८/७९ मा ३० लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । डिपीआर अनुसार यस ठाँउमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ ।

# तालिवानले महिलालाई पढ्न दिने, पुरुषसँग एउटै कक्षामा बस्न भने नदिने

रासस
काठमाडौं, २८ भदौ

अफगानिस्तानमा तालिवानी समूहले छात्रालाई पनि अध्ययनका लागि विश्वविद्यालय जान अनुमति दिने निर्णय गरेको छ ।

तालिवानको सत्ता आएपछि छात्रालाई विश्वविद्यालय जान प्रतिवन्ध लगाउने आशंकाकाबीच उनीहरुले विश्वविद्यालय जान दिने बताएका हुन् । तर एउटै कोठामा छात्रा र छात्रालाई सँगै राख्न भने नपाइने तालिवान सरकारका उच्च अधिकारीहरुले जनाएका छन् । विश्वविद्यालयहरुमा महिलालाई पुरुषहरुभन्दा छुट्टै राख्न तालिवान सरकारका नयाँ शिक्षा मन्त्रीले निर्देशन दिनुभएको छ । विश्वविद्यालयमा छात्रालाई पनि जान दिने निर्णयलाई तालिवानको यसअघि सन् १९९६ देखि २००१ सम्मको शासन व्यवस्थाभन्दा लचक हुने संकेतका रुपमा लिइएको छ । अघिल्लो शासनकालमा अफगानिस्तानमा महिला र बालिकाहरुलाई विद्यालय र विश्वविद्यालयमा जान प्रतिबन्ध लगाइएको थियो । विश्वविद्यालयहरुलाई लिङ्गका आधारमा पोसाकसम्बन्धी नयाँ नियम लागु पनि गरिने तालिबानले जनाएको छ । उच्च शिक्षासम्बन्धी मन्त्री अब्दुल बाकी हक्कानीले विद्यार्थीहरुलाई अध्यापन गराइने विषयहरूको समीक्षा गरिने पनि जानकारी दिनुभयो । तालिबानले महिलाहरूलाई शिक्षा र रोजगारीमा प्रतिबन्ध नलगाउने जनाएको छ । तर गत अगस्ट १५ मा सत्ता आफ्नो हातमा लिएसँगै तालिबानले सुरक्षा अवस्थामा सुधार नआएसम्म स्वास्थ्यकर्मीबाहेक अन्य महिलालाई कामबाट टाढै बस्न निर्देशन दिएको छ । तालिवानको अघिल्लो पटकको आफ्नै शासनकालमा भन्दा केही लचक भएपनि निवर्तमान सरकारभन्दा अहिलेको सरकार कठोर देखिएको छ । तालिबानले झण्डै एक महिनाअघि निर्वाचित सरकारलाई अपदस्थ गरी सत्ता कब्जा गरेको थियो । प्रदेश राजधानीहरु कब्जा गर्दै केन्द्रीय राजधानी कब्जा गर्न लागेपछि तत्कालिन राष्ट्रपति अशरफ घानीले देश छोडेर भागेपछि सत्ता तालिवानको हातमा आएको हो ।

उनीहरुले अहिले कामचलाउ सरकार बनाएका छन् भने अरु धेरै कामहरुमा अन्यौल देखिएको छ ।